# प्रदेशस्तरमा युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

बुटवल, नेपाल।

# प्रदेशस्तरमा युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७६

सामाजिक विकास मन्त्रालय (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति २०७६/०२/१६

**प्रस्तावनाः**

प्रदेशका विभिन्न क्षेत्रमा विशेष योगदान गरेका प्रतिभावान युवा र युवाको हकहितको संरक्षण र संवर्द्धन तथा विकासको क्षेत्रमा सक्रिय युवा तथा युवा समूहलाई अभिप्रेरित गर्न, उनीहरूमा रहेको प्रतिभा एवं सृजनशीलताको कदर गर्दै युवाहरूमा सकारात्मक सोच एवं रचनात्मक क्षमताको विकास गर्न र युवा प्रतिभा प्रोत्साहनलाई समय सापेक्ष, प्रभावकारी, व्यवस्थित र पारदर्शी ढंङ्गबाट सञ्चालन गर्न आवश्यक भएकोले प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५ ले यो निर्देशिका बनाई जारी गरेको छ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "प्रदेशस्तरमा युवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७६" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(ग) "निर्देशिका" भन्नाले प्रदेशस्तरमा युवा प्रतिभाको खोजी तथा प्रोत्साहन कार्यक्रम व्यवस्थापन निर्देशिका, २०७६ सम्झनुपर्छ।

(घ) "समिति" भन्नाले दफा ७ बमोजिमको समिति सम्झनुपर्छ।

(घ) "युवा प्रतिभाको खोजी" भन्नाले यस निर्देशिकाको दफा ३ मा उल्लिखित क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याएका युवा वा युवा समूहलाई प्रदान गरिने प्रोत्साहनलाई सम्झनुपर्छ।

(ङ) "युवा समूह" भन्नाले परिच्छेद - २ को दफा ३ मा उल्लिखित क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका दुई वा सो भन्दा बढी युवाको समूहलाई सम्झनुपर्छ।

## परिच्छेद - २

## प्रदेशस्तरमा युवा प्रतिभाको खोजी तथा प्रोत्साहनका क्षेत्र र छनौटका आधार

३. **प्रदेशस्तरीय युवा प्रतिभाको खोजीको क्षेत्र:** मन्त्रालयले प्रत्येक वर्ष देहायका क्षेत्रहरूमा उत्कृष्ट कार्य गर्ने युवा वा युवा समूहलाई प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन प्रदान गर्न सक्नेछ।

(क) विज्ञान तथा सूचना प्रविधि (समाज, प्रदेश वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र, उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य,

(ख) कला, संस्कृति, साहित्य सृजना, गीत र सङ्गीत, मौलिक कला साहित्य (रचना, गायन, बाद्यवादन आदि) र मनोरञ्जन,

(ग) शिक्षा/रोजगारी (उद्योग/उद्यमशीलता/व्यवसाय),

(घ) वातावरण संरक्षण र दिगो विकास,

(ङ) अध्ययन, अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य,

(च) स्वास्थ्य अनुसन्धान, उपचार सेवा र लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण,

(छ) सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरण कार्यमा योगदान पुर्याएको, अन्य कुनै उत्कृष्ट कार्य गरेको वा पत्ता लगाई ख्याति कमाएको,

(ज) कृषि/जडिबुटी/वन पैदावार

४. **छनौटका आधारहरु:** दफा ३ मा उल्लेखित क्षेत्रहरू मध्ये कुनै क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने युवा वा युवा समूहलाई प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहनका लागि छनौट गर्न देहायका आधारहरू हुनेछन्।
(१) युवा र युवा समूहका लागि न्यूनतम आधारहरुः

(क) चालिस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) प्रदेशको स्थायी बासिन्दा भई वा अन्य प्रदेशबाट यस प्रदेशमा आई प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उक्त क्षेत्रमा ख्याती पाउने गरी उल्लेख्य योगदान पुर्याएको,

(ग) कुनै फौजदारी अभियोगमा दोषी नठहरिएको,

(घ) दफा ३ बमोजिमका क्षेत्रमा प्राप्त गरेको उत्कृष्ट ख्याती वा योगदान आफै वा आफ्नो समूहको मौलिक सिर्जना हो भन्ने पुष्ट्याइका लागि उक्त कार्य गराउने निकाय वा संस्थाले प्रमाणित गरेको भरपर्दो आधार र प्रमाण पेश गरेको हुनुपर्ने,

(ङ) दफा ३ बमोजिमका क्षेत्रमा उत्कृष्ट प्रतिभा/सिर्जनाका लागि कुनै प्रतियोगितामा विजयी भई कुनै सरकारी वा गैरसरकारी संघ संस्थाबाट प्रशंसा पत्र वा पुरस्कार प्राप्त गरेको भए प्रमाणपत्रको प्रतिलिपी।

(२) उपदफा (१) को आधार पूरा भएका युवा वा युवा समूहलाई देहायका आधारमा मूल्याङ्कन गरिनेछ।

| **क.सं.** | **मूल्याङ्कनका आधारहरू** | **अङ्क** |
|---|---|---|
| १ | अनुकरणात्मकता/प्रेरणाप्रद | २० |
| २ | सिर्जनशीलता, मौलिकता, नवीनता | २० |
| ३ | योगदानले पारेको सामाजिक प्रभाव | २० |
| ४ | योगदानले पारेको आर्थिक प्रभाव | १५ |
| ५ | योगदानले भौगोलिक क्षेत्रमा पारेको प्रभाव | १० |
| ६ | योगदानका लागि लागेको लगानी (आर्थिक, भौतिक, समय, आदि) | १५ |
| | जम्मा | १०० |

## परिच्छेद - ३

## छनौट प्रक्रिया

**५. छनौट प्रक्रियाः** (१) मन्त्रालयको सम्बन्धित शाखाले मन्त्रालयको सूचना बमोजिमको म्यादभित्र पेश भएका निवेदन वा अन्य स्रोतबाट जानकारीमा आएका युवा वा युवा समूहको विवरणसहितको सूचि तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण सङ्कलन गर्ने प्रयोजनका लागि मन्त्रालयले सम्बन्धित व्यक्ति वा समूहको जानकारीको निमित्त कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नेछ र उक्त सूचना मन्त्रालयको वेभ साईट *www.mosd.p5.gov.np* मा समेत राखिनेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्रकाशित भएपछि कुनै व्यक्ति, सरकारी निकाय वा संघसंस्थाले प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन प्राप्त गर्न उपयुक्त देखिएका युवा वा युवा समूहको विवरण तथा मुख्य - मुख्य योगदान र योगदानलाई पुष्टि गर्ने विवरण वा तथ्यहरू संलग्न गरी सूचनामा उल्लेखित म्याद भित्र सिफारिस सहितको निवेदन र प्रोत्साहन गर्न योग्य युवाको वायोडाटा मन्त्रालयमा दर्ता गराउन सक्नेछन्।

(४) युवा प्रतिभा प्रोत्साहनको लागि निवेदन गर्दा तपसिल बमोजिमको विवरण पेश गर्नुपर्नेछ।

(क) आफूले प्रतिभा प्रोत्साहनका लागि निवेदन गरेको क्षेत्रमा गरेको योगदान आफू वा आफ्नो समूहको मौलिक सिर्जना हो भन्ने भरपर्दो आधार र प्रमाण पेश गर्नुपर्ने,

(ख) उल्लेखित क्षेत्रमा गरेको योगदान खुल्ने प्रतिवेदन, श्रव्य — दृष्य सामग्री, भिडियो डकुमेन्ट्री वा अन्य सम्बन्धित प्रमाणहरू,

(ग) यदि कुनै सरकारी तथा गैर सरकारी निकायबाट आयोजित कार्यक्रमहरूमा सहभागी भइ प्रतियोगितामा विजेता भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि तथा आयोजक संस्थाको सिफारिस,

(घ) कुनै संस्थासँग सम्बन्धित भइ उल्लेखित क्षेत्रमा योगदान गरेको भए सम्बन्धित संस्थाको सिफारिस सहित संस्थाको आधिकारिक व्यक्तिको सम्पर्क नम्बर खुल्ने कागजात,

(ङ) निवेदन दिने व्यक्ति वा समूहका सदस्यहरूको हालसालै खिचेको फोटो, नेपाली नागरिकता र उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपिहरू।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि मन्त्रालय आफैले पनि सार्वजनिक जानकारीमा आएका सूचना आम सञ्चार माध्यममा प्रकाशित वा प्रसारित समाचार वा जानकारीको आधारमा प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहनका लागि युवाको विवरण संकलन गर्न सक्नेछ र सङ्कलित विवरणको पुष्ट्याईका लागि सम्बन्धित निकाय मार्फत थप जानकारी प्राप्त गर्न सक्नेछ।

६. <u>प्राप्त विवरण प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन छनौट समितिमा पठाउने:</u>

(१) दफा ४ बमोजिम प्राप्त निवेदन, विवरण, जानकारी र सिफारिस सङ्कलन गरी मन्त्रालयले दफा ७ बमोजिमको समितिमा पठाउनेछ।

(२) कुनै व्यक्ति वा समूहको सम्बन्धमा दफा ४ को उपदफा (१) मा उल्लेखित आधारहरूका सम्बन्धमा थप विवरण प्राप्त गर्न आवश्यक देखिएमा सम्बन्धित व्यक्ति वा निकाय मार्फत थप विवरण वा जानकारीका लागि अनुरोध गरी पठाउन सक्नेछ।

(३) उपदफा (२) अनुसारको थप विवरण वा जानकारी प्राप्त भएमा सो समेतलाई मध्यनजर गरी समितिले प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहनका लागि दफा ४ को उपदफा (२) को आधारमा मूल्याङ्कन गरी प्राप्ताङ्क सहितको विवरण तयार गर्नेछ।

७. **प्रदेशस्तरीय युवा प्रतिभा छनौट समितिको गठनः** (१) दफा ६ बमोजिम प्राप्त निवेदन, विवरण, जानकारी र सिफारिस मूल्याङ्कनका आधारमा मूल्याङ्कन गरी प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन प्रदान गर्ने सम्बन्धमा मन्त्रालय समक्ष पेश गर्न देहाय बमोजिमको एक प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) मन्त्री, सामाजिक विकास मन्त्रालय | संयोजक |
| (ख) मन्त्रालयको सचिव | सदस्य |
| (ग) प्रतिनिधि, प्रदेश योजना आयोग | सदस्य |
| (घ) मन्त्रालयको युवा तथा खेलकुद महाशाखाको उपसचिव | सदस्य |
| (ङ) मन्त्रालयले तोकेको विधागत विशेषज्ञ | सदस्य |
| (च) मन्त्रालयले तोकेको गैरसरकारी संघ संस्था मध्येबाट एक जना | सदस्य |
| (छ) सम्बन्धित कार्यक्रम हेर्ने शाखाको शाखा अधिकृत | सदस्य सचिव |

(२) मन्त्रालयले उपदफा (१) को ङ र च बमोजिम सदस्य तोक्दा सकभर एक जना महिला युवा पर्ने गरी मनोनयन गर्नुपर्नेछ।

(३) प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन छनौट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गर्नेछ।

(४) प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन छनौट समितिको बैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(५) उपदफा (१) बमोजिमको समितिले युवा प्रतिभा प्रोत्साहनका लागि युवा वा युवा समूह मध्येबाट नाम सिफारिस गर्दा उपलब्ध भएसम्म सबै विषयक्षेत्र बाट कम्तीमा एक-एक जना पर्ने गरी नाम सिफारिस गर्नुपर्नेछ।

८. **<u>प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन प्रदान गर्ने:</u>** मन्त्रालयले दफा ७ बमोजिमको प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन छनौट समितिले छनौट गरेका व्यक्ति, युवा वा युवा समूहलाई प्रत्येक वर्ष प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहन प्रदान गर्नेछ।

९. **<u>युवा प्रतिभा प्रोत्साहनको राशी:</u>** प्रदेशस्तरीय युवा प्रतिभा प्रोत्साहनबाट सम्मानित हुने प्रत्येक युवा वा युवा समूहका लागि प्रमाणपत्र सहित समितिले तोकेबमोजिमको प्रोत्साहन रकम एक समारोहका बीच उपलब्ध गराइनेछ र सो रकममा नियमानुसार करकट्टी गरिनेछ।

## परिच्छेद - ४

## <u>विविध</u>

१०. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस निर्देशिकामा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **<u>निर्देशिका संशोधन गर्न सकिने:</u>** मन्त्रालयले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने:</u>** यस निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।